*"शिक्षा, स्वास्थ्य, सडक र पर्यटन त्रिवेणीको पूर्वाधार – सामूहिक तथा व्यवसायिक कृषि समृद्धिको आधार"*

# आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

त्रिवेणी नगरपालिका
नगर कार्यपालिका
तोली,
उप-प्रमुख

"शिक्षा, स्वास्थ्य, सडक र पर्यटन त्रिवेणीको पूर्वाधार – सामूहिक तथा व्यवसायिक कृषि समृद्धिको आधार"

<u>त्रिवेणी नगरपालिकाका उपप्रमुख श्री कमला कुमारी बैनी (न्यौपाने) ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य</u>

सम्मानीत नगरसभा अधिवेशनमा आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम पेश गर्दछु।

नगरसभा अध्यक्ष महोदय,

नगरसभा सदस्यज्यूहरु,

१. नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ उपधारा ४ बमोजिम त्रिवेणी नगरपालिकाको नगर उपप्रमुखको हैसियतले यस गरिमामय सभामा आगामि आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु। आर्थिक तथा समावेशी विकास र सुशासन मार्फत नागरिकका विकास निर्माणका चाहनालाई प्राथमीकतामा राखी तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानीत सभामा पेश गर्ने अनुमती चाहन्छु।

२. २००७ सालमा भएको प्रजातन्त्र प्राप्तिको लागी भएको आन्दोलनको उपलब्धि संगै वि सं २०४६ र २०६२/०६३ सालको ऐतिहासिक आन्दोलन सम्म आईपुग्दा आफ्नो ज्यानको प्रवाह नगरी नेपाली जनताको लागी साहदात प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिद प्रति हार्दिक श्रदाञ्जली अपर्पण गर्न चाहन्छु। साथै मिति २०७९ साल मंसिर ४ गते सम्पन्न भएको संघ तथा प्रदेशको निर्वाचनमा यसै नगरपालिकाको वडा नं ७ को नाटेश्वरी मतदान केन्द्रमा अकल्पनीय घटना हुन गई ज्यान गुमाएका हाम्रै त्रिवेणी नगरपालिका वडा नं ७ का संजिव अयडी र चेतन अयडी प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु। साथै मिति २०८०/०३/०५ सडक दुर्घटनामा परि ज्यान गुमाएका सुदुर पश्चिम प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री पृथ्वी वहादुर सिंह लगायत उहाँसंगै ज्यान गुमाएका परिवारप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु र घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। ऐतिहासिक जनआन्दोलनपछि नेपालमा ४ पटक स्थानीय तहको निर्वाचन भएको यहाँहरुलाई अवगत नै छ।

३. प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, २०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू, स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू र नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सिर्जित दायित्वहरू र संघ र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक नीतिहरूलाई आधारको रुपमा लिएकी छु ।

४. प्रस्तुत वजेट, संघियताको स्थापना पश्चता स्थानीय तहको दोस्रो कार्यकालको दोस्रो वजेट हो। यस अवसरमा समग्र नगरवासिको सन्तुलित विकासको चाहनालाई मध्यनजर गरी सवै टोल बस्तिहरुभित्रका महिला, दलित, सिमान्तकृत समुदाय, युवा, वालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, पछाडी पारिएको वर्ग

लगायत सबै वर्ग र समुदायहरूको सुझावलाई बजेटमार्फत समेटने प्रयास गरेकी छु। साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

५. बजेटमा दीगो भौतिक तथा सामाजिक पूर्वाधार विकासलाई पुरा गर्ने, आधारभूत स्वास्थ्य र शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने, नगरवासीको जिवनस्तरमा प्रत्यक्ष योगदान पुऱ्याउने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, र वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने क्षेत्रलाई विशेष प्राथमीकतामा राखी बजेटको तर्जुमा गरिएको व्यहोरा यस सम्मानित नगरसभा समक्ष अवगत गराउन चाहान्छु ।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

**अव म त्रिवेणी नगरपालिकाको आर्थिक अवस्था र चालू आर्थिक बर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

६. चालू आर्थिक बर्षमा कूल खर्च रु ४४ करोड ४१ लाख ४० हजार अर्थात कूल विनियोजनको ७०.७४ % प्रतिशत हुने अनुमान छ। कूल खर्च मध्ये चालू रु. ३३ करोड २७ लाख ४७ हजर अर्थात ७५% प्रतिशत र पुँजीगत खर्च रु. ११ करोड १३ लाख ९४ हजार अर्थात ६१.४५% प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

७. चालू आर्थक बर्ष २०७९/०८० मा संघिय सरकारको राजश्व बाँडफाँडवाट रु ९ करोड १५ लाख ९८ हजार र समानिकरण अनुदान वापत रु ११ करोड ९४ लाख, समपुरक अनुदान रु १ करोड ५० लाख, र सशर्त अनुदान तर्फ रु १ करोड प्रास हुने संशोधित अनुमान छ। त्यसैगरी प्रदेश सरकार वाट राजश्व बाँडफाँडवाट रु ५४ लाख ३ हजार र समानिकरण अनुदान वापत रु ८४ लाख ३७ हजार, समपुरक अनुदान रु २४ लाख , विशेष अनुदान तर्फ रु २४ लाख प्रास हुने संशोधित अनुमान छ। आन्तरिक स्रोत तर्फ रु ५० लाख परिचालन हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु १७ लाख असुली भई यस आ. व. २०७९/०८० को अन्त्यसम्ममा ३० लाख हुने अनुमान गरिएको छ।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

अव म वजेट प्रणालीमा देखापरेका मुख्य चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- नगरपालिकाको आन्तरिक राजश्व परिचालन अपेक्षित रुपमा हुन सकेको छैन। आन्तरिक राजश्व परिचालनलाई प्रभावकारी रुपमा लागू गर्न प्रणालीको विकास गर्न नसकिएको अवस्था विद्यमान छ।



त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

कमला कुमारी बैंसी चौपाले
उप-प्रमुख

- नगरका ठूला पूर्वाधार योजनाहरु समयमै सम्पन्न हुन सकेका छैनन जसका कारण संघिय सरकारवाट प्राप्त गर्ने अपेक्षा गरिएको थप आर्थिक श्रोतलाई परिचालन गर्न नसक्दा नगरपालिकाको आन्तरिक श्रोतमा दायित्व सृजना हुन गई भूक्तानी दायित्व वहन गर्नु परेको अवस्था छ।

उक्त बजेट प्रणालीका चुनौतीहरुलाई सम्वोधन हुने गरी संस्थागत क्षमता विकास र दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर वजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु।

आर्थिक बर्ष २०८०/०८१ को बजेटका मुख्य उद्देश्यहरु यसप्रकार छन:

- नगरभित्रको स्थानीय यातायात पूर्वाधारहरुको स्तरोन्नती गरि दिगो आर्थिक विकास गर्ने।
- शैक्षिक गुणस्तरवृद्धिको आधार स्तम्भकारुपमा विद्यालय पूर्वाधारको विकास अनिवार्य शर्तका रुपमा मानी पूर्वाधार निर्माणमा लगानी वृद्धि गर्ने।
- वडाको माग र सम्भाव्यताका आधारमा नगरपालिकाको कुनै एक वडालाई नमूना पकेटको रुपमा विकास गर्ने
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार र दक्ष जनशक्ति परिचालन मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने।
- सिप विकास कार्यक्रम मार्फत साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धन गर्ने।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

अव म आ.ब. २०८०/०८१ को बजेटका उद्देश्य पुरागर्नका लागी निर्धारण गरिएका प्राथमीकताहरुलाई प्रस्तुत गर्न चाहन्छु।

- गुणस्तरिय शिक्षाका लागी दिगो र भरपर्दो भौतिक पूर्वाधार निर्माण
- आधारभूत स्वास्थ्य, वाल तथा मातृस्वास्थ्यका लागी आवश्यक दक्ष स्वास्थ्यकर्मी, भौतिक पूर्वाधार र गुणस्तरिय सेवा संचालन
- महिला उद्यमशिलता र सिप विकास कार्यक्रम
- पर्यटन विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा आधारभूत सेवा संचालन
- लक्षित वर्ग समुदायको सशक्तिकरण तथा मूलप्रवाहीकरण र सामाजिक रुपान्तरण
- संघ, प्रदेश तथा स्थानीय सरकारविचको सहकार्य र साझेदारीतामा सुदृढीकरण।
- व्यवसायिक कृषिको लागी नमूना अभ्यास

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**
अव म वजेटले लिएका उद्देश्य पुरागर्नका लागी केही सुधारका प्रस्तावहरु राख्न चाहन्छु।

- टोल तथा बस्ति स्तरवाट प्राथमीकरण भई आएका योजनाहरुलाई योजना बैकमा सुचिकृत गरी कार्यान्वयन गरिने व्यवस्था मिलाईनेछ।

त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

कमला कुमारी जैसी न्यौपाने
उप-प्रमुख

- संघ र प्रदेशको साझेदारीमा संचालित नगर गौरव तथा नगरको रणनीतिक महत्वका योजनाहरुलाई कार्यान्वयन गर्नका लागी प्राथमीकतामा राखेकी छु।
- नगरका वहुसंख्यक जनताहरुले लाभ लिनसक्ने योजनाहरुमा लगानी गर्ने नीति यो वजेट मार्फत गरेकी छु।
- नगरपालिकालाई प्राप्त हुने स्रोतको आँकलन गरी बहुवर्षिय योजनाहरुको पुन:विचार गरिनेछ साथै भूक्तानी बाँकी हुन गई नगरको खर्च व्यभार सर्दैजाने व्यवस्थाको अन्यगर्न योजना कार्यान्वयनमा जोड दिईनेछ।

उल्लेखित नीतिगत र संरचनागत सुधारले वजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेकी छु।

**सभाअध्यक्ष ज्यू,**

**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य क्षेत्र र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

<u>कृषि तथा पशुपंक्षि:</u>

८. नगरपालिका भित्रका व्यवसायिक कृषहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागी मागमा आधारित उन्नत तथा हाईब्रिड तरकारी विउ वितरणको कार्यक्रम संचालन गरिनेछ।यो कार्यक्रमका लागी आवश्यक वजेटको व्यवस्था गरेको छु।

९. नगरपालिका भित्र दर्ता र नविकरण भएका कृषक समुहहरुलाई तरकारी मिनिकीट वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१०. "एक वडा एक उत्पादन" कार्यक्रम अन्तर्गत वडाको माग अनुसार आ.ब. २०८०/०८१ मा कार्यान्वयन हुने गरी कम्तिमा १ वटा वडालाई कृषि उत्पादनको पकेट क्षेत्रका रुपमा विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

११. कृषि उद्यमशीलता विकास गरी कृषिलाई मूल्यश्रृङ्खलासंग आवद्ध गराउन नविनतम प्रविधिमा आधारित कृषि प्रदर्शन, प्राविधिक क्षमता अभिवृद्धि तालिम, जनप्रतिनिधि र प्राविधिकसंग कृषक अन्तरक्रिया, रेडीयो कृषि प्रसार कार्यक्रम संचालन गर्नका लागी आवश्यक वजेटको विनियोजन गरेको छु।

१२. हावापानी र माटो सुहाउदो परम्परागत रुपमा उत्पादन हुदै आईरहेका रैथाने अदुवा, वेसार, वदाम, सूर्यमुखी र तोरी आदि जातका वालीहरुको संरक्षण गर्न विउ अनुदान सहयोग कार्यक्रम संचालन गरिनेछ।

१३. आलु पकेट क्षेत्रका किसानहरुलाई मागमा आधारित विज वृद्धि कार्यक्रमलाई निरन्तरता दिएको छु।

१४. कृषि क्षेत्रको कार्यक्रम संचालनका लागि रु १० लाख विनियोजन गरेको छु।

१५. पशुपालन कृषकहरुलाई आवश्यक पशु स्वास्थ्य औषधि तथा सामग्री खरिदको कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६. बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम वडाको माग र सम्भाव्यताको अध्ययनको सिफारिसका आधारमा नमूना कार्यक्रम संचालन गरिने छ। यसका लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ।

त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

कमला कुमारी जैसी चौपाने उप-प्रमुख

१७. नगरपालिकाको सवै वडाहरुमा पशु स्वास्थ्यको घुम्ति शिविर संचालनका लागी आवश्यक वजेटको व्यवस्था गरेको छु।

१८. पशुसेवा तर्फ रु ८ लाख विनियोजन गरेको छ।

**शिक्षा:**

१९. शैक्षिक गुणस्तर सुधारका लागी नभई नहुने आधारभूत संरचना मापदण्ड अनुसारको विद्यालय भवन, खेलमैदान, खानेपानी, शौचालय तथा अन्य फोहरमैला व्यवस्थापन गर्न सकिने पूर्वाधारहरुको निर्माण नै भएकोले नगरपालिका भित्र पक्की विद्यालय तथा खेलमैदानका संरचनाहरु वन्न नसकेका विद्यालयहरुमा संघ तथा प्रदेश सरकारको साझेदारीमा श्रोत परिचालन गरि निर्माण कार्यको थालनी गर्न आवश्यक वजेटको व्यवस्थापन गरेको छु।

२०. बिद्यार्थिहरुको खेलकुद क्षेत्रमा निकै प्रभावकारी मानिएको मेयरकप रनिङ्गसिल्ड प्रतियोगीका लागी आगामी बजेट मार्फत निरन्तरता दिएको छु।

२१. विगत देखी चालू आ.ब. सम्म निरन्तर रुपमा संचालन हुदै आएको नगर स्तरीय परिक्षा संचालन कार्यक्रमलाई आगामी आ.ब. २०८०/०८१ मा कार्यान्वयन गर्नका लागी आवश्यक वजेटको विनियोजन गरेको छु।

२२. विद्यालयको शैक्षिक गतिविधिहरु संचालनका लागी रु ३५ लाख विनियोजन गरेको छु।

२३. नगरपालिका भित्र संचालन भएका सामुदायिक विद्यालयहरुको संख्याको आधारमा शिक्षक जनशक्ति निकै न्यूनरहेको अवस्थालाई सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु। तसर्थ, शिक्षक दरबन्दि अभावका कारण विद्यालयमा पठनपाठन निकै कमजोर भएको निष्कर्ष सहित नगर शिक्षकको अवधारणा ल्याई विगत र चालू आ.ब. देखी नै नगरपालिकाको श्रोतवाट ब्यहोर्ने गरी शिक्षक अनुदान रकम विनियोजन हुदै आएकोमा आगामी आ.ब. २०८०/०८१ मा पनि शिक्षण सहयोग अनुदान, बाल विकास शिक्षक र कर्मचारी व्यवस्थापनका लागी रु १ करोड ७२ लाख २४ हजार बिनियोजन गरेको छु।

२४. टुहुरा, अनाथ वालवालिकाको सहयोगका लागी अनुदान स्वरुप कन्सर्न वाजुरा लाई रु २ लाख विनियोजन गरेको छु।

२५. नगर भित्रका सवै सामुदायिक विद्यालयहरुमा किशोर किशोरीहरुलाई लक्षित गरी मनोपरामर्श सेवा संचालन गर्न मनोपरामर्शकर्ता र जनचेतनामूलक कार्यक्रमका लागी रु ३ लाख विनियोजन गरेको छु।

**स्वास्थ्य तथा पोषण:**

२६. नगरपालिका भित्रका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रको भौतिक संरचनाको अवस्थालाई सुधार गरी गुणस्तरिय सेवा प्रवाह विस्तार गर्नका लागी नगरपालिको स्रोतवाट आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै संघ र प्रदेश सरकारको साझेदारिमा संचालन संरचनाहरुका लागी आवश्यक साझेदारी रकम विनियोजन गरेको छु।

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

कमला कुमारी जैसी न्यौपाने
उप-प्रमुख

२७. नेपाल सरकारवाट नि:शुल्क प्राप्त हुदै आएको औषधि उपचार सेवा वाहेक स्वास्थ्य संस्थाहरुमा औषधि तथा स्वास्थ्य उपकरणहरुको अभावका कारण जनताले दु:ख भोग्नु नपरोस भन्ने मनसायले विगत वर्षहरुमा दिईदै आएको नि:शुल्क औषधि कार्यक्रमका लागी औषधि तथा उपकरण खरिदमा रु १५ लाख विनियोजन गरेको छु।

२८. गर्भवती तथा सुत्केरी आमाहरुको अवस्थामा जटिलता भई आकस्मीक प्रेषण व्यवस्थापन गर्नका लागी रु १ लाख विनियोजन गरेको छु।

२९. पूर्ण संस्थागत सुत्केरी स्थानीय तह घोषणा तयारीको मापदण्ड अनुसार नगरका सवै वडा र स्वास्थ्य संस्थाहरुमा कार्यक्रम संचालन गर्नका लागी रु १ लाख विनियोजन गरेको छु।

३०. नगरपालिका भित्र संचालनमा रहेका कैलाशमाण्डौं, तोली, छतारा स्वास्थ्य चौकी र पुर्भूता आधारभूत स्वास्थ्य केन्द्रको प्रयोगशाला ब्यवस्थापनका लागी सामग्री वापत रु १ लाख विनियोजन गरेको छु।

३१. प्रत्येक वडा र टोल स्तरमा महिला स्वास्थ्य स्वयंसेवीकाहरुले गरेको कामको उच्च सम्मान गर्दै विगत देखी स्थानीय स्तरवाट दिईदै आएको पारिश्रमीकलाई निरन्तरता दिनका लागी रु १ लाख ६२ हजार विनियोजन गरेको छु।

३२. स्टेचर ब्यवस्थापनका लागी रु ६० हजार विनियोजन गरेको छु।

३३. एच. आई भि. एड्स् संक्रमीतहरुको भरणपोषण लगायत आकस्कमीक स्वास्थ्य सेवाका अन्य स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रमहरु संचालन गर्नका लागी रु ९ लाख ७८ हजार विनियोजन गरेको छु।

३४. पोषणमैत्री नमूना नगर घोषणा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न संघिय सरकारको विशेष अनुदानमा कार्यक्रम संचालन गरिनेछ।

३५. वाल पोषण सचेतना कार्यक्रम संचालन गर्न रु ५० हजार विनियोजन गरेको छु।

**स्थानीय पूर्वाधार**

३६. नगर सरकारको आफ्नै आन्तरिक लगानीवाट सम्भव नभएका ठूला गौरवका आयोजनाहरुलाई संचालनार्थ संघ तथा प्रदेश सरकारमा प्रस्ताव लैजानका लागी पूर्व सम्भाव्यता अध्ययन सहितको विस्तृत परियोजना रिपोट तयार गर्नुपर्ने भएकोले उक्त विस्तृत परियोजना प्रतिवेदनका लागी रु २० लाख विनियोजन गरेको छु।

३७. त्रिवेणी नगरपालिकाको एकमात्र वडा किम्नी वडा नं ५ हालसम्म सडक संजालले नजोडीएकोले आ.ब.२०८०/०८१ भित्र सडक पुर्याउनका लागी संघ तथा प्रदेश सरकार संग थप श्रोत परिचालन गरी नगरपालिकावाट आवश्यक रकमको व्यवस्था मिलाएको छु।

३८. वडा कार्यालयहरुको भवन निर्माण क्रमागत योजनाका लागी आवश्यक रकम विनियोजन गरेको छु।

३९. त्रिभुवनेश्वरी मा वि वडा नं २ भवन क्रमागत रु १४ लाख, ढडाली आधारभूत स्वास्थ्यकेन्द्र वर्थिङ्ग सेन्टर वडा नं ८ भवन सम्पन्न कामका लागी रु १५ लाख, स्वास्थ्य संस्थाहरुको ग्रिल तथा फर्निचर व्यवस्थापनका लागी रु १२ लाख विनियोजन गरेको छु।



त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

उप-प्रमुख

४०. वुढीगंगा र मालागडा नदिमा मोटरेवल पक्कि पुलको संरचना पूरा नहुदासम्म साँफेवगर– मार्तडी प्रादेशीक सडकसंग नगरपालिकाले जोडीन बर्सेनी अस्थायी यातायात पुल निर्माण गर्नुपर्ने बाध्यता रहेको छ। उक्त अवस्थालाई मध्यनजर गरी मौरे वुढीगंगा नदिमा अस्थायी पुल तथा सडक निर्माणका लागी रु १० लाख, बल्दे वुढीगंगा नदिमा अस्थायी पुल तथा सडक निर्माणका लागी रु ७ लाख र मालागाड नदिमा अस्थायी पुलका लागी रु ५ लाख विनियोजन गरेको छु।

४१. नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य आ.व. २०८०/०८१ भित्र सम्पन्न हुने गरी आवश्यक बजेटको ब्यवस्थापन गरेको छु।

४२. संघिय, प्रदेश तथा स्थानीय सरकारको संयुक्त लगानीमा आ.ब. २०८०/०८१ मा संचालन हुने समपुरक अनुदान तर्फका आयोजना बाघ्रथला-कैलाशमाण्डौं पन्धारा गडीगाँउ सडक स्तरोन्ती, तोली देवलडाँडा खेलमैदान र घेरवार निर्माण वडा नं ४ र पार्वती मा. बि. पैमा खेलमैदान र प्याराफिट निर्माणका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेको छु।

४३.. त्रिभुवनेश्वरी मा.वि. खेल मैदान वडा नं २ का लागी रु २ लाख ५० हजार विनियोजन गरेको छु।

४४. नगरपालिका भित्रका स्थानीय सडकहरुको निर्माणका लागी रु ५० लाख, सडक सरसफाईका लागी रु ५ लाख, सडक गुरुयोजना पुनः निर्माणका लागी रु १ लाख ५० हजार र सडक मर्मत समूह (RMG) पारिश्रमिक रु ५ लाख विनियोजन गरेको छु।

४५. नगरपालिका भित्रका झोलुङ्गेपुलहरुको संरक्षणका लागी प्रोत्साहन स्वरुप रु १ लाख १० हजार विनियोजन गरेको छु।

४६. नगरपालिका भित्रको भवन आचार संहिता निर्माण गर्न रु ४ लाख विनियोजन गरेको छु।

४७. संघिय सरकार संस्कृतिक पर्यटन तथा नागरिक उडयन मन्त्रालय र नगरपालिकाको साझेदारीमा निर्माणाधिन नाटेश्वरी – वडीमालिका वृहत धार्मीक पर्यटकीय आयोजनाको काम आ.ब. २०८०/०८१ भित्र सम्पन्न हुने भएकाले सो का लागी आवश्यक साझेदारी रकमको ब्यवस्था गरेको छु।

४८. वडास्तरवाट प्राथमीकता अनुसार माग भई आएका सामुदायिक पूर्वाधारका योजनाहरु संचालनका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु।

**उद्योग, सहकारी तथा रोजगारः**

४९. युवा उद्यमी महिलाहरुलाई ब्यवसायिक तथा सिपमूलक कार्यक्रम मार्फत घरेलु तथा साना उद्योगहरु संचालन गर्नका लागी **"उद्यमी महिलाहरुसंग उपमेयर कार्यक्रम"** संचालनमा ल्याईने र सो का लागी रु १० लाख विनियोजन गरिएको छ।

५०. नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गरी संघिय सशर्त अनुदानवाट संचालन हुदै आएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा साझेदारी गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु।

५१. स्थानीय स्तरमा नै रोजगारी सृजना गर्नका लागी संघिय सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत सशर्त अनुदान वाट संचालन हुदै आएको प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका



त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, बाजुरा

कमला कुमारी जैसी न्यौपाने उप-प्रमुख

लागी रुपान्तरण पहल आयोजना अन्तर्गतका सामुदायिक आयोजनाहरुमा साझेदारीका लागी आवश्यक आवश्यक वजेटको व्यवस्था गरेको छु।

५२. नगर भित्र संचालनमा रहेका सहकारीहरुको नियमन गर्ने दायित्व स्थानीय सरकारको भएकोले सहकारी तथा बित्तिय क्षेत्रको नियमनका लागी रु ५० हजार विनियोजन गरेको छु।

५३. वडा तथा वस्तिस्तरवाट मागभई आएका अत्यावश्यक सिचाई पोखरीहरुको निर्माणका का लागी रु ५ लाख विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई**

५४. स्वच्छ र शुद्ध खानेपानीको पहुँचलाई नगरवासीको घर घरमा पुर्याउन एक घर एक धारा कार्यक्रम प्रभावकारी देखीएता पनि स्थानीय सरकारको आफ्नै श्रोतले सम्भव नहुने भएकाले संघिय तथा प्रदेश सरकारको साझेदारीमा उक्त कार्यक्रम लागू गर्नका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेको छु।

५५. नगरपालिका भित्रका सवै खानेपानी योजनाहरुको खानेपानी गुणस्तर जाँच तथा सुद्धिकरण गर्न रु १ लाख विनियोजन गरेको छु।

**महिला, बालवालिका तथा सामाजिक समवेशीकरण**

५६. नगरभित्रको पछाडी पारिएको वर्ग, समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउने लक्ष्य सहित समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

५७. गत, विगत र चालू आ.व. मा संचालन हुदै आईरहेका दिवस तथा कार्यक्रमलाई निरन्तरता दिदै बाल दिवस कार्यक्रमका लागी रु १ लाख, अन्तराष्ट्रिय बाल दिवस कार्यक्रमका लागी रु १ लाख, वडा र नगर स्तरिय वाल संजाल कार्यक्रमका लागि रु १ लाख, जोखिममा परेका महिला तथा बालवालिकाका लागी आपतकालिन कोष संचालन रु १ लाख, सेफ हाउस संचालन तथा व्यवस्थापन खर्च रु १ लाख ५० हजार र विभिन्न दिवसहरु मनाउनका लागी रु ५० हजार रकम विनियोजन गरेको छु।

५८. नगरस्तरिय दलित नेटवर्कको कार्यक्रम तथा व्यवस्थापन वापत रु ५लाख विनियोजन गरेको छु।

**वातावरण, उर्जा तथा विपद् व्यवस्थापन**

५९. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आवश्यकता अनुसार परिमार्जन गर्न र विपद जोखिम न्यूनीकरणका योजनाहरुको कार्यान्वयनका लागी संघ र प्रदेश सरकारवाट संचालित योजनाहरुका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेको छु।

६०. युनिसेफको साझेदारीमा सुधारिएको चुलो वितरण कार्यक्रम संचालन गर्न आवश्यक साझेदारी रकमको विनियोजन गरेको छु।

६१. विपद जोखिम न्यूनीकरण, विपद्को पूर्वतयारी, व्यवस्थापन र राहत तथा उद्दारका लागी विपद राहत सामग्री खरिदमा रु ५ लाख, विपद व्यवस्थापन खर्च रु ५ लाख, भैपरी आउने खर्च रु ३ लाख ५० हजार र ऐम्बुलेन्स सेवा तथा विरामी आकस्मिक प्रेसनमा रु २० लाख विनियोजन गरेको छु।

त्रिवेणी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तोली, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

कमला कुमारी जैसी न्यौपाने
उप-प्रमुख

६२. मनसुनजन्य विपदवाट क्षतिग्रस्त निजी आवास पुन:निर्माणका लागी आवश्यक साझेदारी रकमको व्यवस्था गरेको छु।

६३. नगरपालिकाद्धारा संचालनमा ल्याईएको व्याकहो लोडर मर्मत तथा ईन्धनका लागी रु २५ लाख विनियोजन गरेको छु।

६४. यस नगरपालिकाका नागरिकहरुले सर्वसुलभ छिटो तथा आकस्मीक सेवा लिदै आएका वयालपाटा अस्पतालको लागी अनुदान रकम रु १० लाख विनियोजन गरेको छु।

६५. नगरपालिकामा दिगो र भरपर्दो विघुत सेवा पहुचका लागी राष्ट्रिय विघुत प्रशारण लाईन संचालन ल्याउन व्यवस्थापन स्वरुप रु १ लाख विनियोजन गरेको छु।

**राजश्व परिचालन, सुशासन, संस्थागत विकास, तथा सेवा प्रवाह**

६६. नगरपालिकावाट संचालन हुने सवै प्रकारका सेवाहरुलाई प्रविधिमैत्री वनाउन ईन्टरनेटको माध्याम विना सम्भव नहुने भएकाले कम खर्चिलो तथा सेवा गुणस्तरिय फाईवर नेट जडान आ.व. २०८०/०८१ भित्र गर्नका लागी रु १० लाख, र हाल संचालनमा आएको ईन्टरनेट सेवा मर्मतका लागी रु ५ लाख विनियोजन गरेको छु।

६७. **"जनताको शासन जनमैत्री प्रशासन"** कार्यक्रम अन्तर्गत सेवाग्राही प्रति सेवा प्रदायक संस्था तथा कर्मचारीहरुलाई जिम्मेवार, उत्तरदायी तथा क्षमतावान वनाई गुणस्तरिय एवं छिटो छरितो सेवा प्रवाह गर्न साथै स्थानीय स्तरमा राजश्व संकलन लाई प्रभावकारी रुपमा लागू गर्नका लागी सुत्र मोडुल तालिम संचालन गर्न रु १ लाख, पञ्जिकरण सफ्टवेय तालिम तथा अभिमुखीकरणमा रु १ लाख, नागरिक वडापत्रमा रु १ लाख, राजश्व क्षेत्राधिकार सम्वन्धि तालिम रु १ लाख, व्यवसाय दर्ता अभिमुखीकरण रु १ लाख, राजश्व संकलन तथा असुली सम्वन्धि अनुगमनमा रु ५० हजार विनियोजन गरेको छु।

६८. त्रिवेणी विकासम्मेलनका लागी रु ३ लाख विनियोजन गरेको छु।

६९. नेपाल रेडक्रस सोसाईटी उपशाखाहरु व्यवस्थापन तथा कर्यक्रम छतारा र कैलाशमाण्डौका लागी रु १ लाख विनियोजन गरेको छु।

७०. त्रिवेणी नगरपालिकाको विकास गतिविधि प्रसारण गर्नका लागी रेडीयो वडीमालिका एफ एम संचालन सहयोग रु ५ लाख विनियोजन गरेको छु।

७१. नगरपालिकाको महत्वपूर्ण विज्ञ तथा सेवा परामर्श संचालनका लागी रु १६ लाख विनियोजन गरेको छु।

**न्याय व्यवस्थापन**

७२. न्यायीक समिति तथा मेलमिला केन्द्रका कामहरुलाई प्रभावकारी, छिटो तथा चुस्त दुरुस्त वनाउनका लागी प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र व्यवस्थापनमा रु ४ लाख ५० हजार विनियोजन गरेको छु।

**भूमी व्यवस्था**

७३. नगरपालिकाको भू उपयोग रणनीति योजना निर्माण गर्नका लागी रु ५ लाख विनियोजन गरेको छु।



कमला कुमारी जैसी न्यौपाने
उप-प्रमुख

७४. त्रिवेणी नगरपालिकाको वडा नं २, ६, ७, ८, र ९ मा वडा कार्यालयको आफ्नै कार्यालय भवन नहुदा सेवा प्रवाह व्यवस्थित हुन नसकेको यथार्थ हामी माझ छ यसै अवस्थालाई मध्यनजर गरी जग्गा खरिदका लागी आवश्यक रकमको व्यवस्था गरेको छु।

चालू तर्फः

७५. नगरपालिकाको कार्यालय संचालन तथा प्रशासनीक खर्च( पदाधिकारी सेवा सुविधा, कर्मचारी तलव सहित र विविध खर्च) सहित ९ करोड ७५ लाख ५३ हजार ५ सय विनियोजन गरेको छु।

७६. संघिय सशर्तवाट संचालित कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको आवश्यकसेवा सुविधाका लागी चालू खर्च शिर्षकवाट साझेदारी व्यवस्थापन गरेको छु।

**नगरसभाका अध्यक्षज्यू,**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म आगामी आ.ब. २०८०/०८१ का लागी आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ का लागी कूल आय ४३ करोड ६५ लाख ७० हजार हुने अनुमान गरिएको छ भने कूल खर्च मध्धे चालू तर्फ रु १० करोड १८ लाख २ हजार रहेको छ भने पूँजीगत तर्फ ३३ करोड ४७ लाख ६८ हजार रहेको छ। कूल आय तथा व्ययको क्षेत्रगत विवरण निम्नानुसार रहेको छः

**आयतर्फः**
आन्तरिक आयः रु ३० लाख
राजश्व बाँडफाँडः ९ करोड ५५ लाख ०२ हजार ५ सय।
अन्तरसरकारी वित्तिय हस्तान्तरण (संघिय सरकार): ३० करोड ७७ लाख
अन्तरसरकारी वित्तिय हस्तान्तरण (प्रदेश): २ करोड ८० लाख ६३ हजार
सरी आयको (अल्या अनुमानित) मौज्दातः २८ लाख
कूल जम्मा आयः ४३ करोड ७० लाख ६५ हजार ५ सय

**व्यय तर्फः**
**चालू खर्च तर्फः १० करोड १८ लाख २ हजार**
**पूजीगत (चालू समेत) तर्फः ३३ करोड ६७ लाख ६८ हजार**

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**
माथि उल्लेखीत अनुमानीत आय र व्ययको वजेट रकम वरावर हुने गरी विनियोजन गरेको छु। आगामी आर्थिक वर्ष (२०८०/०८१) वजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार श्रोतलाई अधिकतम परिचालन हुने गरी वजेट तर्जुमा भएको व्यहोरा सम्मानीत नगरसभालाई जानकारी गराएको छु।



कमला कुमारी जैशी न्यौपाने
उप-प्रमुख

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

अव म सम्मानीत नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको त्रिवेणी नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०/०८१ को अनुमानित आय र व्ययको विवरण सम्मानीत नगरसभामा छलफल भई पारित हुनका लागी प्रस्ताव गर्दछु। साथै यस नगरपालिकाको लागी कार्यान्वयन हुन पेश भएका उल्लेखीत दुवै विधेयकहरु (आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८०) छलफल गरी पारित गरी आगामी बर्षका लागी ऐनको रुपमा कार्यान्वयन गर्न दुवै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

उल्लेखीत बजेट तथा कार्यक्रममा सामान्य भाषिक तथा अंकगणीतिय त्रुटीहरु हुनसक्छन। यसको लागी सम्मानीत नगरसभा समक्ष मानवीय कमजोरीका रुपमा स्विकार्दै यदि त्यसो हुन गएमा सच्याउनका लागी नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमती मागेको छु। साथै आगामी आ.ब. २०८०/०८१ योजना तथा वजेट स्वीकृतिको लागी सम्मानीत सभा समक्ष पेश गरेको छु।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

हामी नगरपालिकाबासीका आकांक्षाहरु असिमित छन्। सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपुर्ण विषय हो । तथापि नगरपालिकाबासी आम जनसमुदाय, राजनैतिक दलको रचनात्मक सहयोग र सद्भाव भएमा पनि चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन् भन्ने कुरामा नगरपालिका विश्वस्त छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने नगरपालिकाका प्रमुख, वडा अध्यक्षज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, पत्रकार, बुद्धिजिवीहरू, नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको टिम प्रति विशेष धन्यवाद दिन चाहन्छु । *"शिक्षा, स्वास्थ्य, सडक र पर्यटन त्रिवेणीको पूर्वाधार – सामूहिक तथा व्यवसायिक कृषि समृद्धिको आधार"* भन्ने यस नगरपालिकाको नारालाई सार्थक बनाउन सवै नगरपालिकाबासीको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

**बडिमालिका माताले हामी सवैको रक्षा गरुन । धन्यवाद ।**

**कमला कुमारी जैशी (न्यौपाने)**

**नगर उपप्रमुख**

Kaishi

कमला कुमारी जैशी न्यौपाने
उप-प्रमुख